**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ कि आध्यात्मिकताले मानवतालाई सठिक मार्ग देखाउन सक्नेछ।**

- **प्रधान मन्त्री नरेन्द्र मोदीले आज असमको नामरूपमा 12,000 करोड रुपियाको अमोनिया-यूरिया उर्वरक परियोजनाको भूमि पूजन समारोहमा भाग लिनुहुनेछ।**

- **इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ।**

- **आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ। संयुक्त राष्ट्र महासभाले गत वर्ष 21 दिसंबरमा 'विश्व ध्यान दिवस' मनाउने घोषणा गरेको थियो।**

- **भारतीय क्रिकेट कंट्रोल बोर्ड-बीसीसीआई ले आगामी टी-20 विश्वकप अनि न्यूज़ीलैंड टी-20 श्रृंखलाको लागि 15 सदस्यीय भारतीय टीमको घोषणा गरेको छ।**

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ कि करुणा, सहिष्णुता, आपस्तको सम्मान अनि सामूहिक उत्तरदायित्वका मूल्य अतीतको आदर्श मात्र होइन तर यो एक बलियो अनि सामंजस्यपूर्ण आधुनिक विश्वको लागि आवश्यक आधार हो। तेलंगानाको हैदराबादमा एक कार्यक्रममा उहाले भन्नुभयो कि विकसित भारतको लागि आधुनिक शिक्षालाई नैतिक ज्ञान सित नवाचारलाई पर्यावरणीय दायित्वसित जोड़नु आवश्यक छ। राष्ट्रपतिले भन्नुभयो – देशको भविष्य युवाहरुको कौशल अनि ज्ञान माथि होइन तर उनीहरुको सत्यनिष्ठा अनि प्रयोजनमूलकता माथि पनि निभर गर्दछ। राष्ट्रपति मुर्मुले भन्नुभयो कि आध्यात्मिकताले मानवतालाई सठिक मार्ग देखाउन सक्नेछ।

**प्रधानमंत्री-असम भ्रमण**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज असमको नामरूपमा 12,000 करोड रुपियाको अमोनिया-यूरिया उर्वरक परियोजनाको भूमि पूजन समारोहमा भाग लिनुहुनेछ। उहाले सो अवसरमा आमसभालाई सम्बोधन गर्ने कार्यक्रम छ। श्री मोदीले राज्यको आफ्नो भ्रमणको दोस्रो दिन, ब्रह्मपुत्र नदीमा क्रूज जहाजको सवारी गर्नुहुदै 'परीक्षा पे चर्चा' कार्यक्रमको एक भागको रूपमा 25 स्कूलका विद्यार्थीहरूसँग कुराकानी गर्नुहुनेछ। तत्पश्चात् प्रधानमन्त्रीले असम आन्दोलनका ८६० सहिदहरूको सम्झनामा गुवाहाटी जिल्लाको पश्चिम बोरागाँव नवनिर्मित शहीद स्मारक क्षेत्रको भ्रमण गर्नुहुनेछ। हिजो, प्रधान मन्त्रीले गुवाहाटीको लोकप्रिय गोपीनाथ बोर्डोलोई अन्तर्राष्ट्रिय विमानस्थलमा अत्याधुनिक नयाँ टर्मिनल भवनको उद्घाटन गर्नु हुदै विमानस्थलमा आसामका पूर्व मुख्यमन्त्री गोपीनाथ बोरदोलोईको शालिकको अनावरण पनि गर्नुभयो। लगभग १लाख ४०हजार वर्ग मिटर क्षेत्रफलमा फैलिएको नयाँ टर्मिनल भवन प्रति वर्ष १ करोड 30 लाख यात्रुहरू ह्यान्डल गर्न डिजाइन गरिएको छ। यस अवसरमा एक जनसभालाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभयो, केन्द्र सरकार असमको विकासका लागि प्रतिबद्ध छ, अनि विगत ११ वर्षमा राज्यमा धैरै ऐतिहासिक पूर्वाधार परियोजनाहरू सुरु हुनुको साथै पूरा भएका छन्।

## उपाध्यक्ष-पीएससी

उपराष्ट्रपति सीपी राधाकृष्णनले बर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य प्राप्त गर्न सिविल सेवाको गुणवत्ताले निर्णायक भूमिका खेल्ने र राष्ट्रिय प्राथमिकताहरूको कार्यान्वयन प्रशासकहरूको गुणस्तरमा निर्भर गर्ने बताउनुभएको छ। हिजो साँझ हैदराबादमा राज्य लोक सेवा आयोगहरूका अध्यक्षहरूको दुई दिने सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्नु हुदै श्री राधाकृष्णनले भन्नुभयो, देश विकसित Bharat@2047 को दृष्टिकोणतर्फ अघि बढिरहेको बेला शासनको गुणस्तर र संस्थाहरू सञ्चालन गर्ने मानिसहरूको गुणस्तर निर्णायक हुनेछ। यूपीएससीको प्रतिभा सेतुको उदाहरण देखाउँनुहुदै उपराष्ट्रपतिले पीएससीहरूलाई प्रतिभा म्यापिङ र रोजगारीका लागि नवीन दृष्टिकोणहरू पत्ता लगाउन आग्रह गर्नुभयो ताकि सही प्रतिभालाई सही भूमिकाका साथ मिलाउन सकियोस्। उहाले यो पनि सुझाव दिनुभयो कि पीएससीहरूले ज्ञानमा आधारित परीक्षणका साथै व्यवहार र नैतिक दक्षताको निष्पक्ष र संरचित मूल्याङ्कन पत्ता लगाउँदछन्। तेलंगानाका उपमुख्यमन्त्री एम भट्टी विक्रमार्कले परीक्षा सञ्चालन गर्दा अनिवार्य वार्षिक क्यालेन्डरको आवश्यकता र यसको पालना गर्नुको महत्त्वमा जोड दिनुभयो। यसैबीच, विश्व ध्यान दिवसको अवसरमा उपराष्ट्रपति आज बिहान हैदराबाद नजिकैको कान्हा शान्ति वनममा आयोजित हार्टफुलनेस ध्यान कार्यक्रममा भाग लिनुहुनेछ।

## शिवराज - पुरस्कार समारोह संबोधन

केन्द्रीय कृषि एवम् किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले विकसित भारत ग्राम विकास विधेयक केवल किसान र श्रमिकहरूका लागि मात्र लाभदायक नभएर हरेक हिसाबले गाउँको विकाससँग पनि सम्बन्धित रहेको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा चौधरी चरण सिंह पुरस्कार २०२५ को समारोहलाई सम्बोधन गर्नुहुदै यो कुरा बताउनु भयो। उहाले भन्नु भयो , मन्त्रालयले 2026-27 को बजेटमा कृषि क्षेत्रमा सुझावहरू मागिरहेको छ ताकि एक बलियो प्रणाली सिर्जना गर्न सकियोस्। श्री चौहानले किसानहरू, विशेषज्ञहरू र कृषि वैज्ञानिकहरूलाई एक साथ ल्याउन चिन्तन शिविरको स्थापनाको बारेमा उल्लेख गर्नु भयो ताकि योजनाहरू प्रभावकारी रूपमा निर्माण गर्न सकियोस्।

## ह्वाट्सएपको ह्याकिङ चेतावनी

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ ।मन्त्रालयका अनुसार साइबर अपराधीहरुले ह्वाट्सएपको डिभाइस लिंकिङ फिचरमार्फत पेयरिंग कोड प्रयोग गरेर बिना कुनै प्रमाणिकरण अकाउन्ट ह्याक गरिरहेका छन्। यो धोखाधडी सामान्यतया तब सुरु हुन्छ जब तपाईंलाई ज्ञात नम्बरबाट फोटो पठाइन्छ र यसलाई हेर्न अपील गर्ने सन्देश प्राप्त हुन्छ। यस सन्देशमा एक लिंक समावेश छ, जुन फेसबुक जस्तो पूर्वावलोकनको साथ आउँदछ र फोन नम्बरसँग सम्बन्धित प्रमाणिकरण प्रक्रियामा जान्छ।मन्त्रालयले भनेको छ, 'यो विधिमा साइबर अपराधीले पासवर्ड वा सिम साटासाट नगरी पीडितको ह्वाट्सएप खातामा पूर्ण पहुँच प्राप्त गर्दछ। मन्त्रालयले मानिसहरूलाई शंकास्पद लिंकहरूमा क्लिक नगर्न र बाह्य साइटहरूमा आफ्नो फोन नम्बर कहिल्यै नहाल्न सल्लाह दिएको छ।

## मुख्य न्यायाधीश - भाषा

भारतका मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकांतले भन्नुभएको छ कि सबै संवैधानिक संस्थानहरुले संविधानको भावना अनुरूप काम गर्नु पर्नेछ ताकि न्यायिक प्रक्रियाहरु अनि अदालती फैसलाहरुलाई नागरिकहरुका लागि उनीहरुको आफ्नो भाषामा सुलभ गराउन सकियोस्। उत्तर प्रदेशको इटावामा हिंदी सेवा निधि ट्रस्टको 33औ वार्षिक कार्यक्रमलाई संबोधित गर्नुहुदै उहाले भाषा सित संबंधित संवैधानिक प्रावधानहरु देश भरिमै लागू गरिने आशा ब्येक्त गर्नुभयो। मुख्य न्यायाधीशले भन्नुभयो कि येद्धपी संवैधानिक अनि कानूनी प्रावधानहरु अनुसार अंग्रेजी सर्वोच्च न्यायालयको आधिकारिक भाषा बनीरहेको छ तर भाषाको बाधा हटाउनको लागि अघिबाटै महत्वपूर्ण कदम उठाएईसकेको छ।

## विश्व ध्यान दिवस

आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ। संयुक्त राष्ट्र महासभाले गत वर्ष 21 दिसंबरमा 'विश्व ध्यान दिवस' मनाउने

घोषणा गरेको थियो। यो तिथि उत्तरी गोलार्धमा शीतकालीन संक्रांतिलाई ध्यानमा राख्दै चुनीएको हो र यो आत्मनिरीक्षण अनि आंतरिक शांतिको प्रतीक हो। यसै बीच, भारतीय आध्यात्मिक गुरु श्री श्री रवि शंकरले न्यूयॉर्क स्थित संयुक्त राष्ट्र मुख्यालयमा "वैश्विक शांति अनि सद्भावको लागि ध्यान" कार्यक्रमको अवधि एक ध्यान सत्रको नेतृत्व गर्नुभयो। युद्ध क्षेत्रमा भगवान कृष्ण द्वारा अर्जुनलाई दिनुभएको ध्यान योगको उपदेश बारे उल्लेख गर्दै उहाले भन्नुभयो – आजका मनुष्यको लागि परिस्थितिहरु कुनै युद्धक्षेत्र भन्दा कम्ति छैन किनभने समाजमा विभिन्न मुद्दाहरु युद्धको स्थिति भन्दा कम्ति छैन। भगवान कृष्णको उपदेशहरुको उदाहरण दिंदै उहाले भन्नुभयो कि यूक्रेनमा आठ हजार सैनिक लड़ाकुहरु अंधकार अनि निराशामा डूबेका थिए तर उनुहरुले ध्यान गरे अनि शांति प्राप्त गरे।

## सीबीआई - घूसखोरी मुद्दा

केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले एक सैन्य अधिकारी र अर्का एक व्यक्ति विनोद कुमारलाई पक्राउ गरेको छ। सीबीआईका अनुसार दिल्लीस्थित सेना अधिकारी लेफ्टिनेन्ट कर्नल दीपक कुमार शर्माको घरमा खोजि गर्दा तीन लाख रुपैयाँ घुस र दुई करोड रुपैयाँभन्दा अधिक नगद पनि जफत परेको छ।जाच एजेन्सीले राजस्थानको श्रीगंगानगरमा विनोद कुमारको घरबाट १० लाख रुपिया नगद र अन्य आपत्तिजनक सामग्री पनि फेला परेको छ।

## दिल्ली सरकार - प्रदूषण

दिल्ली सरकारले वायु प्रदूषण रोक्नका लागि ग्रैप-4 अभियान तीव्र पारेको छ। राज्यका वातावरण मन्त्री मनजिन्दर सिंह सिरसाले प्रदूषण फैलाउने उद्योग र निर्माण स्थलमाथि कडा कारबाही गर्ने चेतावनी दिनु भएकोछ। राज्य सरकारले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "कुल ६१२ गैर-अनुपालन उद्योगहरू बन्द गरिएको छ र तीन दिनमा एक लाख भन्दा बढी प्रदूषण नियन्त्रणमा प्रमाणपत्र जारी गरिएको छ। यस अवधिमा ३ हजारभन्दा बढीको निरीक्षण, १२ हजार चालान र १६ हजारभन्दा बढी सवारी साधनको जाँच गरिएको थियो। सरकारले क्षेत्रीय इन्जिनियर र जिल्ला मजिस्ट्रेटलाई पनि निगरानी गर्न निर्देशन दिएको छ।

## क्रिकेट - अंडर-19 एशिया कप

एसीसी पुरुष अंडर-19 एशिया क्रिकेट कपको फाइनल म्याच आज भारतको भिडन्त पाकिस्तानसित हुनेछ। दुबईमा यो म्याच भारतीय समयानुसार बिहान 10 बजेर 30 मिनेट जाँदा शुरु हुनेछ। आयुष म्हात्रेको कप्तानीमा भारतले नौ-औ पल्ट खिताब जीतने लक्ष्य राख्नेछ। यस भन्दा पुर्व भारतले ग्रुप स्टेजको म्याचमा पाकिस्तानलाई पराजित गरेको थियो।सेमीफाइनलमा भारतले श्रीलंकालाई 8 विकेटले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ जबकि पाकिस्तानले वर्तमान चैंपियन बांग्लादेशलाई पराजित गरेर फाइनलमा आफ्नो स्थान पक्का गरेको हो।

****** ० ******